सिद्धिचरण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

## औषधी खरिद सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५।७।१८

१. यस कार्यालयको चालु आ.व.०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल सरकारले अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट निशुल्क बितरण गर्ने गरी तोकेको सूची बमोजिमका औषधीहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न आव्हान गरिएको छ ।

२. सिलवन्दी दरभाउपत्र खरिदको लागि दिइने निवेदन साथ दरभाउ पत्र फाराम दस्तुर वापत रु.१०००।- (अक्षेरुपी एक हजार मात्र)पछि फिर्ता नहुने गरी कार्यालयमा नगद बुझाएको सक्कल रसिद, चालु आ.व.सम्मको लागी बहाल रहने गरी नवीकरण गरिएको फर्म दर्ता प्रमाण-पत्र, औषधी व्यवसायी प्रमाण-पत्र, आयकर दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र, आ.व.०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र समेत संलग्न राखिएको हुनु पर्नेछ ।

३ कार्यालयको अधिकार प्राप्त अधिकारीको सहीछाप नभएको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

४. आफूले खरिद गरेको दरभाउ पत्र रितपूर्वक भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट) दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ ।

५. सिलबन्दी दरभाउ पत्र दर्ता गर्दा सूचनामा तोकिए बमोजिमको जमानत वापतको रकम यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखास्थित धरौटी खाता नं.२०७०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ७५ दिनको मान्य अवधि रहने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत(बैंक ग्यारेन्टी) सिलवन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

६. सिलबन्दी दरभाउपत्रसाथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको, नवीकरण गरिएको प्रमाण पत्र र औषधी व्यवस्था विभागबाट प्राप्त नवीकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. धुलो र झोल औषधी बाहेक अन्य बाँकी औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु सिलबन्दी हुनु पर्नेछ ।

८. कार्यालयको हातासम्म औषधी ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

९. आपूर्ति हुने औषधीहरु Expiry Date स्टोर दाखिला हुने समयमा कम्तीमा १८ महिना बाँकी हुनु पर्नेछ । तर, कुनै औषधीको Expiry Date १८ महिनाभन्दा कम हुने अवस्थामा कूल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०. सप्लाई हुने औषधीहरुको प्रत्येक Strip/Lebeling / Packeting को बाहिर उत्पादन मिति, Expiry Date, Batch No.,उत्पादक कम्पनीको नाम र "नेपाल सरकारद्वारा निशुल्क बितरणको लागि" भन्ने वाक्यांश उल्लेख भएको हुनु पर्नेछ ।

११. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को (ङ) बमोजिम दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजायँ नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

१२. दरभाउपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन भएमा नेपालभित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नवीकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१३. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

१४. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर उल्लेख गर्नु पर्नेछ ।

१५. दरभाउपत्रद्वारा खरिद गरिने औषधीको सूची दरभाउपत्र फारामसाथ उपलब्ध हुनेछ ।

१६. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

१७. अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा कार्यालय समयभित्र कार्यालयको सम्पर्क नं.०३७-५२०२१३ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | बिवरण | इष्टिमेट अंक रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०७५/०७६ | दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमका औषधीहरु | २९,५०,०००।- | ८८,५००।- | |

भोजराज खतिवडा
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत